# बजेट बक्तव्य

**सभाध्यक्ष महोदय एवं सम्पूर्ण अतिथी गणहरु,**

संघिय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय सहितको समावेशी शासन व्यवस्था, मौलिक हक लगायत नेपाली जनतालाई अधिकार सम्पन्न बनाउनका लागि भएका विभिन्न आन्दोलनहरुमा अमुल्य जीवन आहुति गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहिदहरुप्रति म हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहान्छु । यसैगरि यस रावा बेसी गाउँपालिकाको विकासको लागि सदैव जागरुक भइरहने यहाँका बुद्धिजिवी, राजनैतिकदल, समाजसेवी, कर्मचारी तथा सम्पूर्ण जनताहरु प्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

सर्वप्रथम म आज यस रावा बेसी गाउँपालिको आ.व. २०७७।७८ को बजेट प्रस्तुत गर्न यस सम्मानित एवं गरिमामय सभामा उपस्थित हुँन पाउँदा मैले आफूलाई भाग्यशाली र गौरवान्वित महशुस गरेको छु ।

हामीले रावा बेसी गाउँपलिककालाई सम्वृद्ध बनाउन भौतिक पूर्वाधार, आर्थिक, सामाजिक लगायतका सबै खाले विकासका गतिविधिहरुलाई तिब्रता दिईरहेको र यस क्षेत्रका वासिन्दाहरुको समग्र अर्थिक, सामाजिक स्तरमा सकारात्मक परिर्वतन ल्याउनका लागि गाउँपालिका निरन्तर लागिरहेको कुरा यहाँहरुमा अबगत नै छ । गाउँपालिका भित्रका अनेकन समस्या र जनआकांक्षालाई परिपुर्ति गर्नका लागि सिमित स्रोत र साधन हाम्रो सिमा रहे पनि सम्बोधन गर्ने प्रयत्नगरिएको छ । विकासका सुचकहरुमा सकारात्मक परिवर्तन ल्याउन र सहभागितामुलक प्रक्रियाबाट नतिजामुलक ढंगले योजना सञ्चालनगरि उपलब्ध स्रोतसाधनको अधिकतम परिचालनगर्न सके मात्रहामीले लिएको लक्ष्य, हाम्रा उद्देश्यहरु, हामीले निर्धारण गरेकाप्राथमिकताहरु पुरा हुनेछन् भन्ने कुराको बोध गराउन चाहान्छु । नेपाल सरकारबाट प्राप्त हुने बित्तिय समानिकरण, शसर्त अनुदान, प्रदेश सरकारबाट प्राप्त हुने बित्तिय समानिकरण, शसर्त अनुदान, गाउँपालिकाको आन्तीरक आय, विकास साझेदार र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाबाट प्राप्त हुने रकम समेतलाई एकीकृत गरी सबैबर्ग र क्षेत्रमा विशेषगरी गरिब,महिला बालबालिका,सामाजिक एबं आर्थिक दृष्टिकोणबाट पिछडीएका बर्ग र समुदाय एबं क्षेत्रको पहुँच र स्वामित्व रहने गरी श्रोत साधनको अधिकतम परिचालन गदै सन्तुलित र समान तवरबाट सहज र सरल रुपमा सेवा सुबिधा उपलब्ध

गराउन एबं त्यस्ता सेवा सुबिधालाई मितब्ययी, सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समाबेसी, न्यायोचित दिगो र गुणस्तरयुक्त गराउदै गरिबी न्यूनिकरण र दिगो विकासको लागि श्रोत साधनलाई ब्यवस्थित गदै गाउँपालिकाले आफ्ना क्रियाकलाप अगाडी बढाइने ब्यहोरा अनुरोध गर्दछु ।

आ.व.२०७७।७८ को बजेट तयार गर्दा नेपालको संविधान, विनियोजन विधयक, २०७६ को सिद्धान्त र प्राथमिकता, गाउँपालिको नीति तथा कार्यक्रमलाई मुख्य आधार मान्दै चालु आबिधिक योजना, दिगो विकास लक्ष्य, विश्वव्यपी महामारी कोभिड १९ को व्यवस्थापनको लागि नेपाल सरकारबाट जारी बजेट दिग्दर्शन, विभिन्न तह र तप्काबाट प्राप्त सुझावहरु तथा विगतको अनुभवको सिकाइलाई समेत थप आधार बनाईएको छ भने प्रतिकुल परिस्थिती हुँदाहुँदै पनि योजना छनौटका लागि सबै चरणहरुलाई बजेट तर्जुमाका लागि अवलम्बन गरिएको छ

सभाध्यक्ष महोदय,

प्रस्तुत यस बजेटका उद्देश्यहरु यस प्रकार प्रस्तुत गरेको छु :

- कोरोना भाइरस (Covid 19) को रोकथाम र कोरोना भाइरसबाट आथिक, सामाजिक लगायत सबै क्षेत्रमा सिर्जित संकट व्यवस्थापनमा गर्न जोड दिने र जिम्मेवारी पुरा गर्न सक्षम बनाउने ।
- स्वरोजगार तालिम, उद्यमशिलता, कृषि, भौतिक पूर्वाधार लगायत विभिन्न गाीतविधहरुको माध्यमबाट रोजगारीका अबसरहरुको सिर्जना गरी आर्थिक तथा सामाजिक विकासका आधारहरु तयः गर्ने ।
- आम जनताहरुको जीवनस्तरमा उल्लेलनिय सुधार ल्याउनुको साथै दिगो विकासका लागि आबश्यक पर्ने शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता सामाजिक सेवाहरुको गुणस्तरमा सुधार गर्दै भौतिक पूर्वाधार निर्माण तथा विकास गर्ने ।
- लैगिक समानता, न्यायपूर्ण, समावेसी र लोकतान्त्रिक संस्कारको विकास गर्ने ।
- सेवा प्रवाहलाई आधुनिक प्रविधिमैत्री,जनमुखि र नतिजामुखि, जनउत्तरदायी र पारदशी बनाउने

- ➢ दिगो पूर्वाधारको विकास र सडक यातयातमा सुधार गर्ने ।
- ➢ गाउँको मौलिक कला, संस्कृती र पहिचान तथा भौगोलिक सौन्दर्यको प्रवर्द्धन गरी पर्यटन विकास गर्ने ।
- ➢ वन, वाताबरण संरक्षण, फोहोरमैला ब्यवस्थापनको, ठोस योजना तयार गरी विपद ब्यवस्थापनको तयारी अघि बढाउने ।
- ➢ सामाजिक सुरक्षा र दिगो शान्तीको कार्यक्रम अघि बढाउने ।

यी उद्देश्यहरु हासिलगर्नकालागि यस बजेटका प्राथमिकताहरु देहायबमोजिमनिर्धारण गरेको छु :

- ❖ विश्वप्यापी संक्रमण कोभिड १९ ले पारेको प्रभाव र असरलाई न्यूनिकरण गर्दै जनजीवनलाई नियमित गर्ने ।
- ❖ गाउँपालिकाको मुख्य सडक र गौरवका सडकहरु स्तरोन्नती र विस्तारमा प्राथमिकीकरण,
- ❖ शिक्षा, स्वास्थ्य र स्वच्छ खानेपानीका लगायतक सामाजिक क्रियाकलापमा जोड,
- ❖ कृषिलाई आधुनिकिकरण, वैज्ञानिकिकरण गदृै उत्पादमा वृद्धि र उद्याशिलताको माध्यमबाट आर्थिक गतिविधि वृद्धि गरी आय आर्जन र गरिवी निवारणमा जोड,
- ❖ सिप विकास तालिम र विकासका सबै गतिविधिरुबाट रोजगारी सिर्जनामा जोड दिने,
- ❖ सेवा प्रवाहको गुणस्तर अभिबृद्धि तथा नागरिकलाई अनुभुति हुने प्रकारको सुशासन

अब म यिनै उद्देश्य तथा प्राथमिकतामा आधार र हीतयार गरिएको आर्थिक वर्ष २०७७७८ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

विश्वव्यापी महामारी कोरोना भाइरस (Covid 19) को संक्रमणबाट सिर्जना भएको संकट त्यसको प्रभाव र असरको पहिचान गरि जनजीवनलाई नियमित गर्ने, कोरोना भाइरस न्युनिकरण र नियन्त्रण गर्ने, क्वारेनटाइन व्यवस्थापन, कन्ट्र्याक्ट ट्रेसिङ टोली व्यबस्थापन, आबश्यक स्वास्थ्य सामाग्री र औषधिको व्यबस्थापन क्वारेनटाइनमा बस्नेको लागि खाद्यन्न व्यस्थापन लगायका कार्यहरु र विपद व्यवस्थापनका लागि प्रकोप व्यवस्थापन खातामा जम्मा हुने गरी **रु.८० लाख** विनियोजन गरेको छु

गाउँपलिका स्तरिय योजनामा विषयगत सिमा अन्तर्गत आर्थिक विकास अन्तर्गत पर्ने कृषि,पशु उधोग, पर्यटन र सहकारी क्षेत्रको लागी **रु.१ करोड २६ लाख ४३ हजार मात्र** विनियोजन

गरेको छु । सामाजिक विकास अन्तर्गत पर्ने शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रर्वद्धन, लैङ्गीक समानता तथा सामाजिक समावेशिकरण तथा अन्य गरि १ करोड १ लाख १४ हजार ४ सय **मात्र** विनियोजन गरेको छु भने पूर्वाधार विकास अन्तर्गत पर्ने सडक, सिँचाई, भवन तथा सहरी विकास, उर्जा र विद्युतका लागि **रु.२ करोड ५२ लाख ८६ हजार मात्र** विनियोजन गरेको छु ।

सुशासन तथा संस्थागत विकास अन्तर्गत अन्तर्गत **रु.२५ लाख २८ हजार ६ सय मात्र** विनियोजन गरेको छु । गाउँपालिकाका र प्रदेश सरकार, संघिय सरकारसँग साथै गाउँपालिका र साना सिंचाइ आयोजनासँगको समपुरक ( Matching Fund) कोषको लागि रु. **१ करोड ३० लाख र** अन्य विभिन्न संघ संस्थाहरुसँगको साझेदारी कार्यक्रमको लागि **रु.१ करोड** विनियोजन गरेको छु । समपुरकअनुदान साझेदारीमा विजुले लेकखर्क दुवेकोल ऐशेलुखर्क सडक र कुभिण्डे जौबारी नुनथला सडकके स्तरोन्नतीको काम गरिने छ ।गाउँपालिकाको गाडी अज्ञात समूहबाट आगलागी भै पूर्ण रुपमा नष्ट भै महत्वपूर्ण कार्यक्रमामा आवातजावतमा अन्यन्त बाधा परेकोले गाउँपालिकाको आन्तरिक कोष र पछि रहन जाने अ.ल्या रकम थप गरी एउटा स्कर्पपियो गाडी खरिद गर्न प्रस्ताव गरेको छु ।

यस गाउँपालिकाका विभिन्न वडाहरुलाई विषयगत क्षेत्र सिमा निर्धारण गरि वडागत विकास निर्माण योजनाहरुलाई **रु. ९० लाख** बजेट विनियोजन गरिएको छ । वडागत बजेट मध्ये आर्थिक विकास अन्तर्गत पर्ने कृषि, पशु, उद्योग, पर्यटन र सहकारीका लागि **रु. २० लाख २५ हजार,** सामाजिक विकास अन्तर्गत पर्ने शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रर्वद्धन, लैङ्गीक समानता तथा सामाजिक समावेशिकरण तथा अन्य गरी **रु.२४ लाख ७५ हजार,** विनियोजन गरेको भने पूर्वाधार विकास अन्तर्गत पर्ने सडक, सिँचाई, भवन तथा सहरी विकास, उर्जा र विद्युतका लागि रु.**४५ लाख मात्र** विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

अव म बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना प्रस्तुत गर्दछु । आ.व. २०७७।०७८ का लागि कुल **रु.२९ करोड ८२ लाख ९९ हजार ३ सय** मात्रको अनुमानित बजेट प्रस्तावित गरेको छु । जस मध्ये चालु खर्च तर्फ **रु. ५ करोड ९१ लाख ७७ हजार ३ सय मात्र विनियोजन गरेको छु**, भने चालु खर्चमध्ये, तलब भत्ता लगायत कार्यालयको प्रशासनिक खर्च र सबै वडा कार्यालयको समेत गरी चालु प्रकृतिका खर्चका लागी **रु.४ करोड**

**४८ लाख १२ हजार र** चालु प्रकृतिका अन्य विभिन्न कार्यक्रमहरुका लागि **रु.१ करोड ४३ लाख ६५ हजार ३ सय** मात्र विनियोजन गरेको छु । चालु तर्फ नै विषयगत शाखाका राष्ट्रसेवक कर्मचारी र शिक्षक, शिक्षिकाहरुको तलब, भत्ता र बैकल्पिक उर्जा, प्रधानमन्त्री कृषि आधुनिकिकरण, स्वास्थ्य, शिक्षा, आयूर्वेद, प्रधानमन्त्री रोजगार कार्यक्रम लगायतका अन्य विभिन्न शसर्त  कार्यक्रमहरुको लागि संघिय सरकारबाट प्राप्त सशर्त अनुदान कार्यक्रम तर्फ **रु.१३ करोड १९ लाख** प्रस्ताव गरेको छु । पूंजीगत खर्च तर्फ **रु. ८ करोड ३२ लाख २२ हजार** विनियोजन गरेको छु भने संघ र प्रदेश सरकारबाट प्राप्त **समपुरक र विशेष** अनुदान पूँजीगत खर्चमा समावेश हुँनेछ ।

आर्थिक वर्ष २०७७/७८ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट **रु.२६ लाख ५० हजार,** संघिय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदानबाट **रु.७ करोड ३६ लाख**, संघिय सरकारबाट प्राप्त विषयगत सशर्त अनुदान **रु.१३ करोड १९ लाख,** संघिय सरकारबाट प्राप्त राजश्व बाँडफाँड अन्तर्गत **रु. ५ करोड ६० लाख ७ हजार ३ सय,** संघिय सरकारबाट समपुरक अनुदान **४० लाख,** संघिय सरकारबाट विषेश अनुदान **१ करोड** प्रदेश सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान **रु.६९ लाख ७२ हजार**, प्रदेश सरकार समपुरक अनुदान **१ करोड** र प्रदेश सवारी कर **३१ लाख ७० हजार**  अनुमान गरिएको छ । राजश्व बाँडफाँड र प्रदेश सवारी करबाट प्राप्त बजेटलाई चालु खर्चमा र चालु प्रकृतिका कार्यक्रममा मात्र समावेश गरिएको छ । उल्लेखित आय व्यय बाहेक सामाजिक सुरक्षा भत्ता बापत नेपाल सरकारबाट अनुदान प्राप्त हुने र सोहि कार्यक्रममा खर्च हुने अनुमान गरिएको छ । संघिय सरकारबाट  स्थानिय साझेदारी विकास कार्यक्रम, निर्वाचन क्षेत्र विकास कार्यक्रम, ग्रामिण उद्यम तथा विप्रेशन आयोजना (समृद्धि) कार्यक्रम गरिवसँग विश्वेश्वर, साना सिंचाइ, बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गतको अनुदान रकमको अख्तियारी प्राप्त भए पश्चात खर्च गरिनेछ । अन्य संघ संस्थाबाट प्राप्त योजना तथा बजेट रकमको अख्तियारी प्राप्त भए पश्चात खर्च गरिनेछ ।

अन्त्यमा,

यसरी बजेट तयार गर्दा आबश्यक सहयोग गर्नु हुने राजश्व परमार्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरु, राजनैतिकदलका पदाधिकारीहरु, शिक्षक, बुद्धिजिवी, समाजसेवी र सम्पूर्ण कर्मचारी वृतलाई म हार्दिक धन्यबाद दिदै कार्यान्यवयनका चरणमा आइ पर्ने विविध खालका समस्याहरु समाधानको लागि समेत उतिकै साथ सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद !!